# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०४।१३ गते

# प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको।

-----------------------------------------------------------------

सहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय भैरहवा रूपन्देहीका कार्यालय प्रमुख डि.ई. सुरेश ठाकुरले संचालनमा रहेका निर्माण कार्यहरुको समयमा मूल्याङ्कन नगरी विभिन्न बहानामा सेवाग्राहीहरुसँग पटक-पटक घुस रकम माग गरी सङ्कलन गरेको घुसबापतको रकम निजको श्रीमतीमार्फत आफ्नो घर बीरगञ्जतर्फ पठाउदै गरेकोले आवश्यक करवाही गरिपाउँ भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाबाट खटिइ गएको टोलीले सेवाग्राहीसँग लिएको नगद रू.१२,५०,५००।-(बाह्र लाख पचास हजार पाँच सय) र बिभिन्न वैंकमा दाखिला गरेको रू.२४,२२,०००।-(चौवीस लाख बाईस हजार) को बैंक भौचर सहितको जम्मा रू. ३६,७२,५००।-(छत्तीस लाख बहत्तर हजार पाँच सय) सहित निजको श्रीमती अनिता ठाकुरलाई लु १ ज ३२३१ नं. को ट्याक्सीमा वीरगंजतर्फ लैजादै गर्दा जिल्ला मकवानपुर, मनहरीबाट र निज डिभिजन इन्जिनियर सुरेश ठाकुरलाई भैरहवास्थित बर्मेली टोलबाट मिति २०७५।४।१२ गते नियन्त्रणमा लिइ अनुसन्धान कार्य भइरहेको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता